# वि. सं. २०८२ साल असोज १७ देखि १९ गतेसम्म परेको अविरल वर्षाको कारण कृषि बालीमा भएको क्षति सम्बन्धी मूल्याङ्कन प्रतिवेदन

आ.व. २०८२/८३


कोशी प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र**

इलाम


वि. सं. २०८२ कार्तिक

## मन्तव्य

इलाम जिल्लामा यस वर्ष असोज १७ देखि २० गतेसम्म परेको अविरल वर्षाले ठूलो विपद् निम्त्यायो । जिल्लामा आवश्यक पूर्व सचेतनाका कृयाकलाप गर्दागर्दै पनि नसोचेको रुपमा पानी पर्‍यो र त्यसले ठूलो क्षति गर्‍यो । ३९ जनाको ज्यान गएको तथ्याङ्क बाहिरियो भने कृषि क्षेत्रमा पनि ठूलो नोक्सानी भयो । कृषि ज्ञान केन्द्र, इलामले कृषि क्षेत्रमा पुगेको क्षतिको मूल्याङ्कनका लागि प्राप्त खाका र प्रचलित विधिहरूमा रहेर तथ्याङ्क सङ्कलनका लागि स्थानीय तहहरूलाई अनुरोध गरेको थियो । त्यसपछि निरन्तर समन्वय र संवाद गरेको थियो । स्थानीय तहका प्रमुखहरू तथा कृषि शाखासँग निरन्तर सम्पर्कमा रहेर तथ्याङ्क सङ्कलन गरिएको थियो । हामीले प्रारम्भिक मूल्याङ्कन प्रतिवेदनमार्फत केही आँकडा दिएका थियौं । त्यसमा विवरणहरू छुट्न गएकाले सोलाई समेत समेटेर यो प्रतिवेदन सार्वजनिक गरेका छौं । यस प्रतिवेदनमार्फत जिल्लाको कृषि क्षेत्रमा भएको नोक्सानीको मूल्याङ्कन गर्ने कार्य सम्पन्न गरिएको छ । तथ्याङ्कहरू आफैंमा पूर्ण छैनन्, पुनः छुटपुट भएको हुनसक्छ ।

सर्वप्रथम यस विपद्का कारण इलामेली जनताहरूले ज्यान गुमाउनु परेकोमा दुःख व्यक्त गर्दछु । उद्धार र राहतमा खट्नु हुने सम्पूर्णप्रति सम्मान प्रकट गर्दछु । सो क्रममा इलामका प्रमुख जिल्ला अधिकारी सुनिता नेपाल लगायत सम्पूर्ण कर्मचारीहरू तथा जनप्रतिनिधिहरू, विभिन्न संघसंस्था र व्यक्तिहरूलाई समेत सम्झिँदै कृतज्ञ हुन्छु । आफ्ना विवरणहरू उपलब्ध गराइ दिनुहुने सबै कृषकहरूप्रति विशेष आभार प्रकट गर्दछु । तथ्याङ्क सङ्कलन एवं वर्गीकरण र विश्लेषणको कार्यमा संलग्न हुनुहुने स्थानीय तहका कृषि शाखामा कार्यरत शाखा प्रमुख र सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन्छु । कृषि ज्ञान केन्द्र, इलामका कृषि प्रसार अधिकृत युरीका सुवेदीले कार्यालयमा यस कार्यको अग्रसरता लिनुभयो र उहाँलाई सहायक कृषि प्रसार अधिकृत जीवन ठाडा मगर र सहायक बाली संरक्षण अधिकृत कुल बहादुर राईले साथ दिनुभयो । उहाँहरू सबैलाई धन्यवाद दिन्छु । यसबाहेक प्रत्यक्ष अप्रत्यक्ष रूपले सहयोग गर्नुहुने स्थानीय जनप्रतिनिधिहरू, कर्मचारीहरू, अगुवा कृषकहरू र अन्य सबैलाई धन्यवाद दिन्छु । यसरी प्राप्त तथ्याङ्कलाई प्रतिवेदनको रूपमा तयार गरी सम्बन्धित सरोकारवालाहरूको जानकारी एवं प्रयोगका लागि प्रकाशित गरिएको छ । कुनै जिज्ञासा, सल्लाह, सुझाव र रचनात्मक प्रतिकृयाको लागि ९८५२६८१६६८ मा सिँधै सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

रविकिरण अधिकारी

**प्रमुख (अधिकृतस्तर नवौं)**

**कृषि ज्ञान केन्द्र, इलाम**

**कार्तिक १७, २०८२ साल**

# विषयसूची


१. पृष्ठभूमी ........ १

२. तथ्याङ्क संकलन तथा विश्लेषणको विधि ........ १

३. कृषि क्षेत्रमा वर्षाको असर र भएको नोक्सानी ........ २

४. राहत तथा पुनर्स्थापनाको आगामी कार्य ........ ५

५. समस्याहरू ........ ७

६. निष्कर्ष ........ ९

अनुसूची १ क्षतिको केही तस्बिरहरू ........ १०

अनुसूची २ वर्षाबाट प्रभावित कृषकहरूको विवरण ........ २८

अनुसूची ३ क्षतिसँग सम्बन्धित भिडियो सामग्री ........ २८

# १. पृष्ठभूमी

वि.सं. २०८२ साल असोज १७ गतेदेखि २० गतेसम्म देशैभरि वर्षा भएको थियो । सो क्रममा १८ र १९ गते इलाम जिल्लामा भिषण वर्षा भएको थियो । २४ घण्टाको अवधिमा यस जिल्लामा ३२२ मिलिमिटर वर्षा भएको विवरणहरू प्राप्त भयो । सो वर्षाका कारण आएको बाढीपहिरोले गर्दा इलाम जिल्लामा मात्र ३९ जनाभन्दा बढीले ज्यान गुमाएका थिए भने भौतिक सम्पत्तिहरूमा समेत ठूलो क्षति भयो । इलाम जिल्लालाई जोड्ने मेची राजमार्ग हप्तौंसम्म अवरुद्ध भयो भने जिल्लाभित्रका कच्ची सडकहरू, पुलपुलेसा, घर, गोठ, जमिन लगायत विभिन्न पूर्वाधारहरू नोक्सान भए । यसबाट जिल्लामा अरबौंको क्षति भयो । विभिन्न क्षेत्रहरूसँगै कृषि तथा पशुपालन क्षेत्र समेत अत्यन्त प्रभावित भई कृषकहरूको आम्दानीको स्रोत गुम्न पुग्यो । धेरै कृषि जमिनहरू नोक्सान भएको छ भने ठूलो संख्यामा पशुचौपायाहरू मरेका छन् । यससँगै असोज २३ गते बसेको नेपाल सरकार मन्त्रिपरिषद्को बैठकले इलाम जिल्लालाई तीन महिनाको लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ ।

# २. तथ्याङ्क संकलन तथा विश्लेषणको विधि

असोज १८ र १९ गतेको बाढी र पहिरोको क्षतिको तथ्याङ्क संकलनका लागि कोशी प्रदेश सरकारअन्तर्गतको कृषि विकास निर्देशनालय र उद्योग, कृषि तथा सहकारी मन्त्रालयमार्फत तत्कालै खाकाहरू प्राप्त भएको थियो जस अनुसार स्थानीय तहका कृषि शाखासँगको समन्वयमा प्रारम्भिक तथ्याङ्क तयार गरी असोज २८ गतेसम्म विभिन्न चरणमा पठाइएको थियो । तथ्याङ्क सङ्कलनका लागि कृषि शाखालाई पत्राचार गरिएको थियो । स्थानीय तहका कृषि शाखाहरूले वडाहरूसँग समन्वय गरी क्षतिको विवरण सङ्कलन गरेर पठाएका थिए । कृषि ज्ञान केन्द्रको प्रविधिक टोलीले स्थानीय तहको कृषि शाखासँग समन्वय गरी क्षतिको स्थलगत अनुगमन गरेको थियो र सो क्रममा प्रभावित कृषकहरूसँग क्षतिको बारेमा सोधपुछ गरी विवरणहरू सङ्कलन गरिएको थियो । यसरी प्राप्त विवरणलाई स्थानीय तहबाट प्राप्त विवरणसँग भिडाएर छुट भएकालाई समावेश गरिएको छ । अझैपनि पूरा विवरणहरू आइसकेका छैनन् । बालीको क्षति मूल्याङ्कनको लागि निम्न आधार लिइएको थियो ।

**तालिका १.** इलाम जिल्लामा असोज १७ देखि २० गतेसम्म भएको वर्षाका कारण क्षति पुगेका क्षति मूल्याङ्कनका लागि लिइएका मुख्य आधारहरू

| क्र.सं. | क्षति भएको बाली | प्रचलित मूल्य प्रति किलो | उत्पादकत्व मे.ट. प्रति हे. | कैफियत |
|---|---|---|---|---|
| १ | अदुवा | ४० | १३.६८ | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |
| २ | अलैंची | २२५० | ०.७ | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |
| ३ | धान | ३६.२८ | ३.३९ | न्यूनतम समर्थन मूल्य नेपाल सरकार २०८२ साउन महिनाको म. प. को निर्णय |
| ४ | कोदो | ५० | १.२ | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |
| ५ | चिया | ५०० | ०.९३ | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |
| ६ | मकै | ४० | ३.९१ | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |
| ७ | मटर | ६० | ७.१ | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |
| ८ | सुपारी | ५० | ३.०५ | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |
| ९ | तरकारी | ३० | १५.५ | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |
| १० | किवी | ८० | ९.३५ | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |
| ११ | स्कुस | १५ | २३.५ | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |
| १२ | बेसार | ४० | १०.५ | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |
| १३ | जुनार | ६० | ८.५४ | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |
| १४ | कागती | १५० | ७.२५ | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |
| १५ | सुन्तला | ६० | ८.५६ | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |
| १६ | कफी | २००० | ७० किलो | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |
| १७ | खोर्सानी | २०० | ४.५ | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |
| १८ | आलु | ४० | १८.७८ | प्रदेश सरकारले तोकेको खयन आलुको मूल्य |
| १९ | एभोकाडो | १०० | ८.९५ | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |
| २० | केरा | ६० | ८ | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |
| २१ | तिल | १५० | १.०२ | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |
| २२ | दाल | १५० | १.०५ | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |
| २३ | फलफूल | ६० | ८.०६ | कृषकले खेतबारीमा पाउने स्थानीय मूल्य |

अलैंचीको हकमा उत्पादनशील क्षेत्रफलको तथ्याङ्क नआउँदा समस्या उत्पन्न भएको छ । आधा क्षेत्रफललाई उत्पादनशील मानिएको छ । कतिपय अवस्थामा क्षति भएको क्षेत्रफल र त्यसको सम्बन्ध उत्पादन र उत्पादकत्वको औषतसँग नमिल्न सक्छ । क्षेत्रफलको आधारमा उत्पादन निकाल्दा वा स्थानीय तहबाट प्राप्त उत्पादनको विवरणलाई आधार मानेर उत्पादन निकाल्दा जुन कम हुन्छ त्यसैलाई लिइएको छ ।

अलैंची, चिया र कफीको उत्पादकत्व र मूल्य दुवै ती बालीहरूको प्रशोधित वस्तुमा आधारित छ । अन्य बालीहरूको मूल्यको हकमा भने नेपाल सरकारले तोकेको न्यूनतम समर्थन मूल्य, कोशी प्रदेश सरकारले तोकेको मूल्यका साथै चलनचल्तीमा कृषकहरूले खेतबारीमा पाउने मूल्यलाई लिइएको छ जुन माथिको तालिकामा समेत राखिएको छ । एउटाभन्दा धेरै बाली क्षति भएका कृषकहरू प्राप्त विवरणको हकमा नाम, ठेगाना र सम्पर्क नं जस्ता विवरणहरू विश्लेषणलाई सहज बनाउनका लागि दोहोरिएका छन् । प्राप्त विवरणहरूलाई नै विश्लेषण गरिएको हुँदा त्यसलाई स्थलगत रूपमा क्षेत्रफल नाप्ने जस्ता प्रमाणीकरणको कार्य भने गरिएको छैन ।

# ३. कृषि क्षेत्रमा वर्षाको असर र भएको नोक्सानी

इलाम जिल्लामा भएको अविरल वर्षाका कारण कृषि ज्ञान केन्द्र, इलामलाई प्राप्त विवरण अनुसार कृषि बाली वस्तुमा करिब २७ करोड ३५ लाख ७८ हजार रुपैयाँ बराबरको क्षति भएको छ । करिब ३ हजार ३ सय कृषकहरूले ८८४ हेक्टर क्षेत्रफलमा लगाएको ३ हजार मेट्रिक टन उत्पादनमा क्षति पुगेको छ । कृषि पूर्वाधारतर्फ करिब ३८ लाख ९२ हजार बराबर क्षति रहेको छ । सिँचाइ संरचना र प्रणालीमा भएको क्षति यस मूल्याङ्कनमा समावेश गरिएको छैन ।

इलाम जिल्लामा रहेका चारवटा माईखोलाहरू (माई, जोगमाई, पुवामाई र देउमाई) र यसका सहायक खोला, खोल्सा, खहरेहरूमा आएको बाढीले खेती गरिएको जमिन बगाएको, पुरेको तथा पहिरो गएर समेत खेतबारी पुरेको छ । असोज १८ र १९ गते माथिल्ला भेगमा रहेका स्थानीय तहहरूमा अतिवृष्टि भएको थियो र त्यसबाट उत्पन्न भएको भल बाढीले तल्लो तटीय क्षेत्रमा रहेका माई नगरपालिका तथा झापा जिल्लामा हजारौं बिगाहा क्षेत्रफलको बालीनालीमा नोक्सानी पुगेको छ । माई नगरपालिकामा खासै ठूलो पानी नपरे पनि पहाडी क्षेत्रमा परेको अधिक वर्षाले त्यहाँ सबैभन्दा ठूलो असर गरेको छ । चाडबाडको मुखमा कृषकहरूले बाली भित्र्याउन गरेको आशा खरानी भएको छ भने वर्षदिनको खानाको आधार रहेको धान खेती गुमेको छ । कतिपय कृषकहरूले आफ्नो ज्यानै गुमाए भने कतिपयले आफ्नो घर, बारी र खेत, अर्काको कमाइरहेको खेती सबै नै गुमाएका छन् । उनीहरूको लागि यो क्षति एउटा सपना र बिर्सन नसकिने घटना बनिदिएको छ जसले वर्षौंदेखि मिहेनत गरी जोडेको घरजमिन सबै स्वाहा भएको छ । मानसिक रूपमा बिचलित बनाइदिएको छ । अधिकाशं कृषकहरूको भने ज्यान जोगिएको छ तर कमाएर खाने आधार गुमेको छ ।

कृषि क्षेत्रमा उक्त वर्षाको क्षतिलाई मुख्यगरी निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ ।

१. खेती गरिएको जमिन बाढीले बगाएको
२. खेती गरिएको जमिन पहिरोले लगेको
३. खेतीबालीमा माटो, बालुवा थुप्रिएर पुरेको
४. कृषिवन क्षेत्रको नोक्सानी

५. नगदेबाली चिया, अम्रिसो लगायतका विभिन्न बालीहरूको नोक्सानी

६. प्रशोधित चियाको नोक्सानी

७. सिँचाइ, कृषि सडक, नर्सरी, च्याउ उत्पादन गर्ने गृह लगायतका पूर्वाधारहरूमा क्षति

### बाली अनुसार क्षतिको मूल्याङ्कन

कृषकहरूले खेती गरिरहेको कृषि बालीहरूमध्ये २५ भन्दा धेरै बालीहरूमा क्षति पुगेको छ । सबैभन्दा धेरै धान बालीमा क्षति पुगेको छ भने अलैंची, चिया, अदुवा लगायतका बालीहरूमा पनि ठूलो नोक्सानी भएको छ । प्राप्त विवरणहरूका आधारमा निम्न बालीहरूमा क्षति पुगेको छ । खाद्यान्न बाली, तरकारी बाली, फलफूल, नर्सरी, दालबाली तथा नगदेबालीहरूमा क्षति पुगेको छ । तलको तालिकामा बालीहरू उल्लेख गरिएका छन्।

**तालिका २.** इलाम जिल्लामा असोज १७ देखि २० गतेसम्म भएको वर्षाका कारण क्षति पुगेका प्रमुख बालीहरू

| | | | |
|---|---|---|---|
| धान | मकै | केरा | फलफूल नर्सरी |
| अलैंची | किवी | खोर्सानी | मटर |
| चिया | आलु | जुनार | सुपारी |
| तरकारी | कफी | तिल | स्कुस |
| कोदो | दाल | सुन्तला | बेसार |
| अदुवा | मिश्रित खेती | फलफूल | एभोकाडो |
| कागती | सिताके च्याउ | नर्सरी | बिरुवा |

**तालिका ३.** इलाम जिल्लामा असोज १७ देखि २० गतेसम्म भएको वर्षाका कारण क्षति पुगेका प्रमुख बालीहरूको विवरण

| क्र.सं. | क्षति भएको बाली | कृषक संख्या | क्षति भएको क्षेत्रफल (हे.) | क्षति भएको परिमाण (मे.टन) | क्षतिको अनुमानित मुल्य (हजारमा) |
|---|---|---|---|---|---|
| १ | धान | १५७४ | ६७५.३ | २२८९.२८ | ८३१०८.८१ |
| २ | चिया | ६१५ | ५६.२५ | ५०.१६ | २५१९८ |
| ३ | अदुवा | १०८ | १२.११ | १४३.८८ | ५७६२.२६ |
| ४ | अलैंची | ९५५ | १५३.७७ | ५३.१६ | ११५२१५ |
| ५ | तरकारी | १५२ | १६.०५ | २१६.७२ | ७४३१.०९ |
| ६ | मकै | ३९ | ५.७ | २२.४२ | ८९७.०० |
| ७ | कोदो | ४४ | ४.५८ | ५.९ | ३०६ |
| ८ | दाल | २३ | २.३१ | ३.३१ | ३४९.९२ |
| ९ | तिल | २४ | ११.२५ | ११.४८ | १७२१ |
| १० | फलफूल | ५६ | ५.५३ | २२.५२ | १८१४.५ |
| ११ | फलफूल नर्सरी | ७ | ५ | १.३५ | ४३५ |

**स्थानीय तह अनुसार क्षतिको मूल्याङ्कन**

स्थानीय तह अनुसार वर्गीकरण गरी हेर्दा सबैभन्दा धेरै कृषि जमिनको क्षति माई नगरपालिकामा ४८२ हेक्टर भएको छ भने त्यसपछि देउमाई नगरपालिका, इलाम नगरपालिका तथा माईजोगमाई गाउँपालिकामा क्षति पुगेको छ । कम प्रभावित स्थानीय तहहरूमा चुलाचुली र रोङ रहेका छन् । कृषक संख्याको आधारमा पनि सबैभन्दा धेरै क्षति माई नगरपालिकामा भएको छ जसमा ९०० जना भन्दा धेरै कृषकहरू प्रभावित भएका छन् भने त्यसपछि इलाम नगरपालिकामा पनि ९०० भन्दा धेरै कृषकहरू प्रभावित बनेका छन् । माई नगरपालिकामा मात्र करिब ६ करोडभन्दा बढीको क्षति देखिन्छ भने इलाम नगरपालिकामा पनि झण्डै साढे ५ करोडको क्षति भएको देखिन्छ । थप विवरणहरू तलको तालिकामा दिइएको छ ।

तालिका ४. इलाम जिल्लामा असोज १७ देखि २० गतेसम्म भएको वर्षाका कारण क्षति पुगेका स्थानीय तहहरूको विवरण

| क्र.सं. | स्थानीय तह | कृषक संख्या | क्षति भएको क्षेत्रफल हे | उत्पादन मे ट | उत्पादनको मूल्य रु.हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | इलाम नगरपालिका | ८१९ | १३६.१९ | ४०४.९९ | ५४३४९.५४ | |
| २ | चुलाचुली गाउँपालिका | ० | ० | ० | ० | |
| ३ | देउमाई नगरपालिका | ३४९ | १३०.२९ | ३६८.४० | २३५६८.७४ | |
| ४ | फाकफोकथुम गाउँपालिका | ९६ | १०.५२ | २९.१८ | २५२०.१४ | |
| ५ | माई नगरपालिका | ९५२ | ४८२.७४ | १६०६.३६ | ६०८५३.३२ | |
| ६ | माईजोगमाई गाउँपालिका | २५२ | ५२.२८ | १४४.०२ | ३१६८५.६२ | |
| ७ | माङसेबुङ गाउँपालिका | ४९ | ८.०३ | १४४.०२ | ३१६८५.६२ | |
| ८ | रोङ गाउँपालिका | २० | २.५३ | १७३.३४ | ३४९४८.५८ | |
| ९ | सन्दकपुर गाउँपालिका | १४५ | १७.४१ | २१.११ | १२०४८.६६ | |
| १० | सूर्योदय नगरपालिका | ५६९ | ४४.०६ | ९७.३५ | २१९१८.६७ | |
| | **जम्मा** | ३२५१ | ८८४.०५ | २९८८.७९ | २७३५७८.८९ | |

# ४. राहत तथा पुनर्स्थापनाको आगामी कार्य

इलाम जिल्लामा वर्षाको असरलाई न्यूनीकरण गर्न यसपटक सरकारले करिब साता दिन अघिदेखि नै तयारीहरू गरेको थियो । विभिन्न प्रयासहरू भएका थिए । सूचनाहरू जारी भएको थियो, मेची राजमार्ग बेलुकीको समय बन्द गरिएको थियो, अत्यावश्यक बाहेक हिँडडुल नगर्न जिल्ला प्रशासनले आग्रह गरेको थियो । कृषि ज्ञान

केन्द्र, इलामले पनि आफ्नो सामाजिक सञ्जाल फेसबुकमार्फत उक्त सूचनाहरूको प्रचारप्रसार गरेको थियो । विपद् लगत्तै जिल्ला प्रशासन कार्यालय, इलामको अगुवाइमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी क्षतिको विवरण सङ्कलन, पुनर्स्थापना र राहतका लागि विभिन्न निर्णयहरू भएका थिए । कृषि ज्ञान केन्द्र, इलामले उक्त निर्णयहरू कार्यान्वयन गर्नका लागि सकृयपूर्वक कार्य अघि बढाइरहेको छ ।

जिल्लास्थित कार्यालयले सरकारको निर्णय कार्यान्वयन गर्ने भएकाले यसपछिको राहत तथा पुनर्स्थापनाको कार्यका लागि प्रदेश सरकार तथा नेपाल सरकारले गर्ने निर्णय कार्यान्वयन गर्न भूमिका खेल्नुपर्ने हुन्छ । यद्यपि तथ्याङ्क सङ्कलनका क्रममा क्षति व्यहोरेका कृषकहरूको दयनीय अवस्था देख्दा र उहाँहरूले गर्नुभएको राहतको आशाले गर्दा राहत वितरण गर्ने आगामी कार्यक्रम गर्दा वा अर्को विपद्को सामना गर्नका लागि निम्नानुसार सुझाव दिन सान्दर्भिक हुन्छ ।

१. राहत तथा पुनर्स्थापनाको कार्य गर्दा तीन तहको सरकारको आपसी समन्वय र सहयोगमा हुन जरुरी छ ।
२. कृषकहरूले व्यहोर्नुपरेको क्षतिको वर्गीकरण गरी राहत परिचालन गर्ने । कृषि भूमि नै गुमाएका कृषकहरू र कृषि बाली मात्र गुमाएका कृषकहरूलाई छुट्टाछुट्टै पहिचान गर्न जरूरी छ । कृषि भूमि गुमाएका कृषकहरूको खेती गर्ने आधार नै गुमेको छ ।
३. नगदेबाली खेती गरेका कृषकहरूको थोरै नोक्सान हुँदा उनीहरूमा पुनर्स्थापना हुने क्षमता बढी हुन्छ । यस्ता कृषकहरूलाई पहिचान गरी सोही अनुसार न्यूनतम राहतको व्यवस्था गर्न सकिन्छ ।
४. खेती गर्ने जमिन उल्लेख्य भएका कृषकहरूले थोरै खेती गुमाउँदा पनि खासै समस्यामा पर्दैनन् ।
५. राहत वितरण गर्दा आर्थिक अवस्थाको ख्याल गर्न जरुरी छ । त्यसैले, राहत वितरणको कार्य स्थानीय तहमार्फत गर्दा बढी प्रभावकारी हुन्छ ।
६. क्षति नभएका बालीहरूलाई आवश्यक पर्ने सिँचाइ सुविधा बगाएको तथा पुरेको अवस्थामा थोरै मात्र सहयोगले पनि त्यस्ता सिँचाइ योजनाहरू सञ्चालनमा आइ कृषकलाई राहत पुग्ने देखिन्छ ।
७. कतिपय ठाउँमा खेती गरिएको जमिनमा बालुवा तथा माटोले पुरेको अवस्थामा केही रकम उपलब्ध हुन सकेमा त्यस्तो जमिनलाई तत्कालै अर्को बाली खेती गर्ने कार्यमा उपयोग गर्न सकिन्छ ।
८. कृषकले बालीको बीमा गर्ने, सरकारले कृषक सुचीकरण कार्य सम्पन्न गर्ने, खेती योग्य जमिनमा खेती गर्नुपर्ने लगायतका कार्यहरू गरेमा यस्ता क्षतिले निम्ताउने विपत्तीहरूलाई निकास दिन सहज हुन्छ ।

# ५. समस्याहरू तथा सुझाव

तथ्याङ्क सङ्कलन तथा विश्लेषण कार्यमा निम्न समस्याहरू झेल्नुपऱ्यो ।

१. विपद् पश्चात् राज्य र सरकारका सबै संयन्त्रको ध्यान मानवीय क्षतिको विवरण सङ्कलन तथा उद्धार, पशुचौपायाको क्षतिको विवरण सङ्कलन तथा उद्धार, घरको क्षति तथा घाईतेहरूको उद्धारमा केन्द्रित रहने र तत्पश्चात्, राजमार्ग लगायतका भौतिक पूर्वाधारहरूको क्षतिलाई सामान्यीकरणको प्रयासमा केन्द्रित रहने भएकाले कृषि बालीको क्षतिको काममा लाग्न केही समय ढिला हुने गरेको ।

२. कृषि बालीहरूको क्षति आँकलन कार्यमा कृषकहरूसँगको सोधपुछ तथा क्षतिको अवलोकन गर्नुपर्ने भएकाले समय धेरै लाग्ने गरेको ।

३. प्रस्तुत तथ्याङ्क स्थानीय तहबाट प्राप्त भएको आधारमा र स्थलगत अनुगमनका साथै कृषि ज्ञान केन्द्रलाई विभिन्न माध्यमबाट प्राप्त सोघोषित तथ्याङ्कमा आधारित छन् । जमिनको क्षेत्रफल नापिएको आधारमा होइन ।

४. कृषकहरूको संख्या निकाल्दा क्र.सं. मा सामान्य ५-१० प्रतिशत तलमाथि गरेर निकालिएको छ । कृषकहरूको नामावली बाली अनुसार दोहोरिएको हुँदा यस्तो समस्या परेको हो ।

५. उत्पादन अनुमानित हो जसका लागि क्षेत्रफल र बाली अनुसार जिल्लाको तथ्याङ्कमा आधारित रहि निकालिएको छ ।

६. स्थानीय तहहरूमा कृषि प्राविधिक जनशक्तिकहरूको अभाव र सवारीसाधन लगायतको अत्यावश्यक सामाग्रीहरूको अभाव छ जसले मूल्याङ्कन कार्यलाई प्रभावित पारेको छ ।

७. हाल सङ्कलन गरिएको तथ्याङ्कले खेती गरिएको जमिनमा लगाइएको बालीले दिने एक पटकको उत्पादनको मात्र हिसाब गरिएको हुँदा यसले वास्तविक क्षतिको मूल्याङ्कन गर्दैन र यसको आधारमा राहत दिँदा वास्तविकताभन्दा फरक पनि हुन सक्छ । जस्तो कि माई खोलाले माङसेबुङको बेसीमा खेती गर्ने कृषकको यदि ५ रोपनी खेती सबै बगाएको रहेछ भने उसको क्षतिको मूल्याङ्कन माईजोगमाईको आधा रोपनी जग्गामा अलैंची खेती गर्नेको भन्दा कम हुन सक्छ । जसले गर्दा बढी नोक्सान भएको वा सबैथोक गुमाएको कृषकले भन्दा एउटा अंश मात्र गुमाएको र राहत नदिँदा पनि खासै फरक नपर्ने कृषकले उल्टै बढी रकम राहत पाउन सक्छ ।

८. सिँचाइ संरचना र प्रणालीमा भएको क्षति यस मूल्याङ्कनमा समावेश गरिएको छैन ।

९. प्रस्तुत तथ्याङ्कको नामनामेसी र क्षेत्रफल स्थानीय तहसँग लगभग मेल खाए तापनि अन्य विवरणहरू हुबहु छैन । स्थानीय तहले अम्रिसो, रुखबिरुवा लगायतका खेतीपातीको समेत विवरण लिएको छ र उसले मूल्याङ्कन गर्ने आधार पनि फरक लिएको छ । यहाँ ती बाली र तिनको मात्र क्षति व्यहोरेका कृषकहरूको नामावलीलाई लिइएको छैन ।

१०. यस मूल्याङ्कनमा मिश्रित खेती प्रणालीको मूल्याङ्कन गर्दा क्षेत्रफललाई तुलनात्मक रुपमा प्रत्येक बालीको लागि छुट्याएर गरिएको छ ।

११. बालीहरूको नोक्सानीको मूल्याङ्कन गर्दा उपलब्ध तथ्याङ्क तथा स्थानीय दररेटलाई आधार मानिएकोले वास्तविकतासँग मिल्दैन । बालीको मूल्य पनि औषतमा राखिएको हुँदा त्यसले बढी मूल्य जाने कृषि उत्पादनको मूल्यलाई समेट्दैन । जस्तो कि स्थानीय जातको धानको बजार मूल्य विकसित जातहरूको तुलनामा दोब्बरभन्दा बढी हुने गरेको छ । यस मूल्याङ्कनमा सरकारले तोकेको न्यूनतम समर्थन मूल्यलाई आधार मानिएको छ ।

१२. तथ्याङ्क सङ्कलन कार्यमा एकरुपता नहुँदा कतै बाली उल्लेख नभएको त कतै क्षेत्रफल र कतै सम्पर्क नं जस्ता जानकारीहरू छुटेको भने कतै दोहोरिएका छन् ।

१३. बालीहरूले ढाकेको क्षेत्रफल खप्टिएर आउँदा त्यसलाई छुट्टयाउन समस्या परेको छ । कतै बाली नै उल्लेख नभएको ।

१४. कतिपय बालीहरू कृषि क्षेत्र अन्तर्गत तथ्याङ्क प्रणालीमा नरहँदा कृषकहरू क्षतिको मूल्याङ्कनबाट बञ्चित हुन सक्ने अवस्था रहेको जसमा अम्रिसो, कृषिवन लगायत रहेको ।

१५. सङ्कलित तथ्याङ्कको विश्वसनियताको अनुगमन हुन बाँकी रहेको ।

१६. कृषकहरूले हरेक पटक क्षतिको विवरण सङ्कलन हुने गरेको तर राहत नआउने गरेको स्थितिले शङ्का गरेका छन् ।

१७. कृषकहरूले खेती गर्ने जग्गाहरूमध्ये धेरै ऐलानी जग्गाहरू छन् । खोला बगरहरू छन् । कतिपयको सबै जग्गा बगाएको छ । धान खेत बगर भएको छ । यस्ता कुराहरूको वास्तविक मूल्याङ्कन हुन सकेको छैन ।

१८. सिँचाइ सुबिधा बगाएकाले अहिले रहेको बाली पनि कम उत्पादन हुने अवस्था छ । यस्ता खडा बालीको तथ्याङ्क सङ्कलन भएको छैन ।

१९. बहुवर्षे बाली जस्तो कि अलैंचीको हकमा प्राप्त उत्पादन वा उत्पादकत्वका आधारमा आउने उत्पादन मध्ये जुन कम त्यही राखिएको छ ।

२०. अम्रिसो, बाँस जस्ता बालीहरूको टिपोट नगर्दा कृषकहरूलाई ठूलो नोक्सानी भएको अवस्था छ ।

२१. केही विवरणहरू अझै पनि छुटेको हुन सक्छ ।

२२. विवरण सङ्कलन गर्दा नाम नामेसी दोहोरिने समस्या भएकाले घरमुलीको नाममा सङ्कलन गर्ने र नागरिकता प्रमाण पत्र नं समेत लिनुपर्ने व्यवस्था गरेमा बलियो आधार हुने देखिन्छ ।

## ६. निष्कर्ष

प्राकृतिक विपद् अपेक्षित रूपमा रहे पनि इलाम जिल्लामा नसोचेको क्षति पुऱ्याएको अवस्थाले गर्दा क्षतिको तथ्याङ्क सङ्कलन, राहत तथा पुनर्स्थापनाको कार्यमा बढी ध्यान दिनुपर्ने देखिन्छ । इलाम जिल्लामा मात्र करिब ३२५० कृषकहरूको झण्डै ९ सय हेक्टर क्षेत्रफलमा लगाइएको ३ हजार मे.ट. बालीनाली नष्ट भएको देखिन्छ जसबाट करिब २७ करोड ३५ लाखको क्षति भएको मूल्याङ्कन गरिएको छ । सबैभन्दा बढी क्षति धान बालीमा करिब २ हजार मेट्रिक टन रहेकाले निकट भविष्यमा यसले खाद्य सुरक्षामा नकारात्मक प्रभाव पार्ने र चामल लगायतका खाद्य वस्तुहरूको स्थानीय मूल्य बढ्न सक्ने देखिन्छ । स्थानीय तह एवं कृषि शाखासँगको समन्वयमा तोकिएको खाकामा तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरिएको छ । कार्यालयलाई विभिन्न माध्यमबाट प्राप्त तथ्याङ्कहरूलाई समेत समेट्न प्रयासहरू गरिएका छन् । यद्यपि यो तथ्याङ्क आफैंमा पूर्ण भने होइन र क्षति व्यहोरेका कृषकहरूको विवरणहरू छुटपुट भएको छ । मूल्याङ्कनका लागि समेत स्पष्ट आधारहरू नभएकाले केही प्रचलित विधि र मापदण्डमा आधारित रहेर गरिएको छ । कृषकहरूले व्यहोर्नु परेको वास्तविक क्षतिको मूल्याङ्कन गर्नका निम्ति वास्तविकतामा आधारित रहेर आवश्यक निर्देशिका वा कार्यविधि तयार गरी स्थानीय तहको अग्रसरतामा पुनर्स्थापना र राहतको काम अघि बढाउन जरुरी देखिन्छ ।

अनुसूचीहरू

# अनुसूची १ क्षतिको केही तस्बिरहरू



देउमाई नगरपालिकामा बगरमा परिणत भएको धान खेती देखाउँदै कृषकहरू



देउमाई नगरपालिकामा बगरमा परिणत भएको धान खेती देखाउँदै कृषकहरू



देउमाई नगरपालिकामा भिषण बाढीले बगाएको धान खेती देखाउँदै कृषकहरू



देउमाई नगरपालिकामा बगरमा परिणत भएको धान खेती



देउमाई नगरपालिकामा भीषण वर्षाका कारण आएको बाढीले बगाएको धान बाली



देउमाई नगरपालिकामा भल बाढीले लगेको धान खेती



देउमाई नगरपालिका कृषि शाखाबाट बाढीले लगेको धानबालीको क्षति मूल्याङ्कन गर्दै ।



देउमाई नगरपालिकामा खेती गरिएको जमिनमा पुगेको क्षति ।



देउमाई नगरपालिकामा पहिरोले लगेको खेती गरिएको जमिन



देउमाई नगरपालिकामा कृषि जमिनमा पुगेको क्षति ।



फाकफोकथुम गाउँपालिकामा पहिरोले लगेको अलैंची बारी ।



माई नगरपालिकामा बाढीले पुरेको धान खेती ।







माई नगरपालिकामा बाढीले गरेको क्षतिको तुलनात्मक तस्बिरहरू



माई नगरपालिकामा माई खोलामा आएको बाढीले कटान गरेको सयौं बिगाहा क्षेत्रफलको धान खेती ।






माई नगरपालिकामा माई खोलामा आएको बाढीले क्षति गरेको धान खेती ।





माई नगरपालिकामा माई खोलामा आएको बाढीले कटान गरेको सयौं बिगाहा क्षेत्रफलको धान खेती ।



माई नगरपालिकामा धान खेतीलाई बगरमा परिणत गरेको (टाढाबाट लिइएको तस्बिर) ।



सूर्योदय नगरपालिकामा कृषकको खेतीबाली सबै पहिरोले लगेपछिको अवस्था ।



सूर्योदय नगरपालिकामा एक कृषकको घर तथा खेतीको नाम निशान नरहेको अवस्था ।



इलाम नगरपालिकामा पूवामाई खोलाले बगर बनाएको सयौं रोपनी क्षेत्रफलको धान खेती ।



इलाम नगरपालिकामा वर्षाको भलले बगाएको धान खेती ।



इलाम नगरपालिकामा पहिरोले लगेको खेती ।



सन्दकपुर गाउँपालिकामा पहिरोले लगेको खेती बाली ।



सन्दकपुर गाउँपालिकामा पहिरोले लगे अलैंची खेती ।



सन्दकपुर गाउँपालिकामा पहिरोले पुरेको अलैंची खेती ।



सन्दकपुर गाउँपालिकामा पहिरोले पुरेको अलैंची बारी ।



सन्दकपुर गाउँपालिकामा पहिरोले लगेको अलैंची खेती




रोङ गाउँपालिकामा बाढीले कटान गरेको अलैंची खेती ।




रोङ गाउँपालिकामा बाढीले कटान गरेको धान खेत ।



माङसेबुङ गाउँपालिकामा क्षति गरेको धान खेती ।



माङसेबुङ गाउँपालिकामा बाढीले कटान गरेको धान खेतको निरीक्षण गर्दै कृषि प्राविधिक ।



माईजोगमाई गाउँपालिकामा पहिरोले क्षति गरेको सुन्तला खेती ।

## अनुसूची २ वर्षाबाट प्रभावित कृषकहरूको विवरण

कृषि ज्ञान केन्द्र, इलामलाई प्राप्त भएका विवरणहरू धेरै भएकाले छुट्टै पानामा संलग्न रहेका छन् । माग भएमा उपलब्ध गराउन सकिनेछ ।

## अनुसूची ३ क्षतिसँग सम्बन्धित भिडियो सामग्री

कृषि ज्ञान केन्द्र, इलामले सङ्कलन गरेका र प्राप्त भएका सामाग्रीहरू यस कार्यालयसँग रहेका छन् । माग भएमा उपलब्ध गराउन सकिनेछ ।